# जिल्ला समन्वय समिति र महा/नगरपालिकाका प्रमुखहरु विच
# मिति २०७४ पुस २१ गते वसेको समन्वय वैठकका निर्णयहरु

१. आ.व. २०७३/०७४ मा रजिष्ट्रेशनको संकलित रकम मालपोत कार्यालयहरुबाट जि.स.स.मा प्राप्त भएकोमा जि.स.स.ले उक्त रकम नगरपालिकाहरुलाई हालसम्म पनि उपलव्ध नगराएको हुँदा नगरपालिकाहरुलाई वजेट अनुमान र कार्यक्रम कार्यान्वयनमा कठिनाई परेकोले यथाशिघ्र उक्त रकम उपलव्ध गराउन जि.स.स.ले आवश्यक पहल गर्नुपर्ने निर्णय गरियो ।

२. निजि आवास पुनर्निर्माणको लागि स्थानीयस्तरमा धेरै किसिमका समस्याहरु देखिएकाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय इकाई, जि.स.स., जि.प्रा.का. र नगरपालिकाहरु विच छलफल गरी समस्या समाधानको लागि पहल गर्न जि.स.स.को समन्वयमा यथाशिघ्र समन्वय वैठक आयोजना गर्ने निर्णय गरियो ।

३. स्थानीय सरकार संचालन ऐनले शिक्षा सम्वन्धी कार्यहरुको लागि स्थानीय तहको कार्य क्षेत्र भित्र तोकिएका कार्यहरुको हकमा स्थानीय तहको सहमति विना कुनै कार्य नगर्न जिल्ला शिक्षा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

४. सामान्य प्रशासन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सरुवा भई जिल्ला कर्मचारी व्यवस्थापन समितिको विभिन्न मितिको निर्णयले स्थानीय तहहरुमा खटाइएका कर्मचारीहरु मध्ये अधिकांश कर्मचारीहरु हालसम्म पनि तोकिएको कार्यक्षेत्रमा हाजिर हुन नआएको हुँदा सेवा प्रवाहमा गम्भीर असर पर्न गएको छ । त्यसरी खटिएका कर्मचारीहरुलाई यथाशिघ्र कार्यक्षेत्रमा हाजिर हुन पठाईदिने व्यवस्थाको लागि सामान्य प्रशासन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

५. ढुंगा, गिट्टि, बालुवा लगायतका प्राकृतिक स्रोतहरुको जथाभावी उत्खनन, संकलन हुन नदिन नगरपालिकाहरुले आ-आफ्नो नगरक्षेत्रमा आवश्यक अनुगमन/समन्वय गर्ने निर्णय गरियो ।